# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा ,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं.:२०७८/०७९
च.नं.

## सूचना ! सूचना !! सूचना !!!

( सूचना प्रकाशन मिति : २०७८/१२/२१ गते)

विषय : पि.पि.आर. तथा खोरेत खोप कार्यक्रम संचालन हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा सरुमारानी गाउँपालिका पशु सेवा शाखा बड्डाँडा प्यूठानको वार्षिक स्वीकृत खोप कार्यक्रम अनुसार यस गाउँपालिकाको ६ वटै वडाहरुमा भेडाबाख्राहरुमा लाग्ने पि.पि.आर. रोग तथा गाई/भैंसी/बंगुरहरुका लागि खोरेत रोग विरुद्ध खोप संचालन गर्ने कार्यक्रम रहेकाले मिति २०७८/१२/२३ गते बाट संचालन हुने खोप कार्यक्रमबाट सम्पूर्ण कृषकहरुले आ-आफ्नो पशुहरुलाई सम्बन्धि वडाको टोल/टोलमा खटिएका भ्याक्सिनेटरलाई सम्पर्क गरी निशुल्क खोप कार्यक्रममा सहभागी भई महामारी जन्य रोगबाट हुन सक्ने पशुवस्तुको क्षति न्यूनीकरण गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिन्छ।

**तपशिलः**

| सि.नं. | भ्याक्सिनेटरको नाम | सम्पर्क नम्बर | वडा नम्बर |
|---|---|---|---|
| १. | विमला उलुंगे | ९८६८६६७५९१ | सरुमारानी -६ |
| २. | उमित्रा घर्ति मगर | ९८०९५०५६८१ | सरुमारानी -५ |
| ३. | शुसिला दर्लामी | ९८६४७१८४७६ | सरुमारानी -४ |
| ४. | अन्जु सुनार | ९८४७९८५५३६ | सरुमारानी -३ |
| ५. | वेल कुमारी वेल्वासे | ९८६७५६९८९६ | सरुमारानी -२ |
| ६. | कौशिला भुसाल | ९८४४९५७६२४ | सरुमारानी -१ |

**(खोप संचालन हुने मिति २०७८/१२/२३ गते देखि सबै वडाहरुमा)**

(नोटः थप जानकारीका लागि सरुमारानी गाउँपालिका पशु सेवा शाखा सम्पर्क नं.९८६८६९८२६१,९८४७९५६७४०)

केशब गिरी
पशु सेवा शाखा प्रमुख

चिन्तामणि रेग्मी
चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

# खोरेत रोग सम्बन्धी जानकारी

## खोरेत रोग

- खोरेत विषाणुबाट गाई, भैंसी, भेडा, बाख्रा, सुंगुर, बंगुर, बँदेल लगायतका खुरफुट्टा जनावरमा लाग्ने महामारी रोग हो ।
- यो रोगले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा ठूलो आर्थिक क्षति गराउँछ ।

## खोरेत रोग सर्ने तरिका

- खोरेत रोग लागेका जनावरको प्रत्यक्ष सम्पर्कमा आएका अन्य जनावरमा यो रोग सजिलै सर्दछ ।
- विषाणुको लसपस भएको दानापानी, मासु, काँचो दूध, हावा, गाडी तथा अन्य सामाग्री आदिको माध्यमबाट समेत यो रोग सजिलै सर्दछ ।
- खोरेत रोग लागेका वस्तुको हेरविचार गर्ने मानिसको लुगा, जुत्ता, चप्पल आदिको माध्यबाट समेत यो रोग अन्य स्थानमा सजिलै सर्दछ ।
- रोग लागि निको भएका जनावर तथा बाहिरी वातावरणमा समेत खोरेत विषाणु लामो समय सुसुप्त अवस्थामा रहि रोग फैलाउन सक्दछ ।

## खोरेत रोगका लक्षणहरु

- अत्याधिक ज्वरो आउने (झोक्राएर बस्ने, थुतुनो सुख्खा हुने, घाँसपात नखाने, उग्राउन कम हुने) ।
- दुधालु गाई वा भैंसीले अचानक दूध दिन कम गर्ने / छोड्ने, थुनेलो हुने ।
- मुख भित्र (गिजा, जिब्रो, थुतुनो आदिमा स-साना पानी फोका देखा पर्ने ।
- एक दुई दिनपछि पानी फोका फुटि आलो घाउ देखा पर्नका साथै लस्सादार र्‍याल चुहाउने ।
- खुर, कुल्चौंडो र थुनमा समेत फोका र घाउ देखिने ।
- साना उमेरका, कमजोर तथा उन्नत जातका पशूको मृत्यु समेत हुन सक्ने ।

## खोरेत रोग देखा परेमा अपनाउनु पर्ने उपायहरु

- रोगको संक्रमण भएको शंका लागेमा बिरामी जनावरलाई बथानबाट छुट्याएर अलग्गै राख्ने र छिटो साधनद्वारा नजिकको पशु सेवाका निकयमा सम्पर्क राखी नमूना संकलन, रोग निदान तथा नियन्त्रण कार्यमा सधाउ पुर्‍याउने ।
- मरेका जनावरलाई गहिरो खाडलमा नुन तथा चुना हाली गाडी दिने ।
- सरसफाईमा विशेष ध्यान दिई बिरामी पशुलाई स्वस्थ पशुसँग लसपस हुन नदिने ।
- पशु ओसारपसार बन्द गर्ने, सामुहिक चरनमा पशु नलैजाने ।
- रोगी पशुको मुख तथा खुट्टामा देखा पर्ने पानी फोका खस्रो वस्तुले फुटाइदिई फिटकिरी पानीले सफा गर्ने ।
- बिरामी पशुहरुको प्राविधिकको सललाह अनुसार उपचार गर्ने ।

## खोरेत रोगबाट बचाउन अपनाउनु पर्ने उपायहरु

- खोरेत रोगबाट बचाउन आफुले पालेका खुरफुट्टा जनावरहरुलाई अनिवार्य रुपमा खोरेत रोग विरुद्धको खोप लगाउने ।

## खोप प्रयोग गर्ने तालिका

तेल आधारयुक्त खोरेत खोप तालिका

| | पहिलो पटक | दोश्रो पटक | पुन खोप |
|---|---|---|---|
| बच्छा/बाच्छी | ४ महिनाको उमेरमा | ९ महिना पछि | ६ देखि ९ महिनाको अन्तरमा वा खोप उत्पादकको सिफारिस अनुसार |
| वयस्क | जुनसुकै उमेरमा | ९ महिना पछि | ६ देखि ९ महिनाको अन्तरमा वा खोप उत्पादकको सिफारिस अनुसार |



बंगुरमा पहिलो पटक २ महिनाको उमेरमा र तत्पश्चात् माथिको तालिका अनुसार खोप लगाउने ।

# भेडाबाख्रामा लाग्ने पि. पि. आर. रोग सम्बन्धी जानकारी

## पि. पि. आर. रोग


- यो रोग भेडाबाख्रामा विषाणुका कारण लाग्ने महामारी रोग हो । नेपालमा यो रोगले पशुधनको व्यापक क्षति पुऱ्याएको छ ।
- सरकारले २०५८/०५९ देखि राष्ट्रिय पि.पि.आर. रोग नियन्त्रण कार्यक्रम मार्फत बर्सेनि भेडाबाख्रामा खोप लगाउने कार्य संचालन गरिरहेको छ ।

## पि. पि. आर. रोग लाग्दा देखिने लक्षणहरु:-

- ज्वरो आउने, झोक्राउने, थुतुनो सुख्खा हुने, घाँसपात नखाने र उग्राउन छोड्ने, आँखामा कचेरा लाग्ने, बाक्लो सिंगान बग्ने ।



- रोग देखापरि मरेका भेडाबाख्राको चिरफार गर्दा ठूलो आन्द्रामा रक्तश्रावका धर्साहरु देखिने तथा फोक्सो सुन्निएको हुने ।




- एकै पटक बथानमा धेरै भेडाबाख्रा बिरामी हुने/मर्ने ।

- गिजा र मुख भित्र घाउहरु देखिने ।



- छेरौट लाग्ने ।



- निमोनिया हुने, पेटको बलले सास फेर्ने ।





## पि.पि.आर. रोग सर्ने तरिका

- रोगी भेडाबाख्राको प्रत्यक्ष सम्पर्क भएमा,
- विषाणुको लसपस भएको घाँसपात, पानी, आहारा, सोत्तर आदिबाट ।
- हेरचाह गर्ने व्यक्तिको लुगा, जुत्ता आदिको माध्यमबाट ।

## यो रोगबाट बचाउन अपनाउनु पर्ने उपायहरु

- बाहिरबाट ल्याईएका भेडाबाख्रालाई कम्तीमा दुई हप्ता खोर गोठमा रहेका बथानसँग नमिसाउने । त्यस अवधिमा रोगको कुनै लक्षण नदेखिएमा बथानमा मिसाउने ।
- भेडाबाख्रालाई नियमित रुपमा पि.पि.आर. विरुद्ध खोप लगाउने ।
- यो रोगको शंका लागेका रोगी भेडाबाख्रालाई बथानबाट छुट्टाएर अलग्गै राख्ने ।